अध्याय ६

# आर्थिक पक्ष

नेपालमा मिडियासम्बन्धी तालिमको साढे दुई दसकको अभ्यासलाई हेर्दा तालिम सञ्चालनमा मुख्यत: तीन किसिमका आर्थिक स्रोत देखापर्छन् । ती यसप्रकार छन् : १) प्रशिक्षार्थीबाट उठाइएको रकममा पूर्ण निर्भर, २) बाह्य वा स्थानीय दाताको खर्चमा निर्भर र ३) मिश्रित मोडल जसमा प्रशिक्षार्थी र दाता दुवैले आंशिक रूपमा खर्च बेहोर्छन् । यसबाहेक सञ्चार गृह आफैंले आफ्नै खर्चमा आन्तरिक तालिम पनि आयोजना गर्छन् । तर, यस्ता खालका आन्तरिक तालिम त्यति धेरै हुने गरेको पाइंदैन । यस्ता तालिममा आर्थिक स्रोतको परिचालन पनि खासै गरिंदैन । यस अध्यायमा यी विभिन्न थरीका आर्थिक स्रोतको चर्चा गरी तालिमका लागि उपलब्ध भौतिक सामग्रीबारे केही चर्चा गरिएको छ ।

## प्रशिक्षार्थीको शुल्कमा निर्भर

तालिम सञ्चालनको भरपर्दो र दिगो स्रोत चाहिं प्रशिक्षार्थी नै हुन् । निजी क्षेत्रका तालिम दिने संस्थाले यस्तै तरिकामा तालिम सञ्चालन गरिरहेका छन् । काठमाडौंको मिडिया प्वाइन्ट, इटहरीको नयाँ संसार, नेपालगञ्जको बागेश्वरी असल शासन क्लब आदिले दिने तालिम बापतको खर्च प्रशिक्षार्थीबाटै उठिरहेको हुन्छ ।

प्रशिक्षार्थीकै शुल्कले खर्च पुग्ने भएपछि प्रशिक्षण दिने संस्थाले दाताको ढोकाढोका चहार्नु पनि परेन र आफ्नो लगानी परेकाले प्रशिक्षार्थीलाई स्वामित्वको अनुभूति पनि हुने भयो ।

एनपीआईको काठमाडौंस्थित केन्द्र र क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले आयोजना गर्ने १० महिने तथा तीन महिने तालिम सुरुदेखि नै प्रशिक्षार्थीसँग उठाइएको शुल्कले चलिरहेका छन् । २०६६ सालमा लिइएको जानकारीका आधारमा काठमाडौंमा सञ्चालित १० महिने तालिमका लागि सहभागीले प्रति व्यक्ति २२ हजार रुपियाँ शुल्क तिर्नुपर्छ । यसलाई ५५ सय रुपियाँका दरले चार किस्तामा तिर्न सकिने प्रावधान छ ।[१] तीन महिने तालिमका लागि एनपीआईका क्षेत्रीय स्रोत केन्द्रहरूले लिने शुल्क केन्द्रैपिच्छे फरक-फरक रहेको छ । विराटनगरमा प्रति व्यक्ति २५ सय रुपियाँका दरले शुल्क लिने गरिन्छ । नेपालगञ्जमा सोही अवधिको तालिमका लागि २८ सय र बुटवलमा तीन हजार रुपियाँ लिइन्छ ।

एनपीआईसँग आफैंले उत्पादन गरेका दक्ष प्रशिक्षक छन् । तालिम सञ्चालनको लामो अनुभव छ । तालिम सञ्चालनमा यसले विश्वसनीयता पनि आर्जन गरेको छ । यसले आयोजना गर्ने सशुल्क तालिममा पनि प्रशिक्षार्थीको चाप देख्न सकिन्छ । तर, आधारभूत पत्रकारिताको तालिम मात्रै यस्तो मोडेलमा चलाउन सकिन्छ । एनपीआई, क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका संयोजक वीरेन्द्र शर्मा भन्छन्, “अचेल एक महिने आधारभूत तालिममा प्रति व्यक्ति व्यक्तिगत २५ सय र संस्थागत ५ हजार लाग्छ । प्रेस काउन्सिलले दलित, जनजाति, महिलालाई संस्थागत रूपमा दुई ब्याचसम्म पठायो । एउटा ब्याचमा ३० जनासम्म राखिन्छ । गत वर्षको पछिल्लो तालिममा खर्च कटाएर करिब ५० हजार रुपियाँ बचत भयो ।”[२] विराटनगरमै तालिम गर्दा कम खर्चिलो हुन्छ । यहाँ एनपीआईको आफ्नै कार्यालय छ । तालिमका लागि आवश्यक हल र अन्य साधन र सुविधा यहाँ छन् । साथै यहाँ नियमित कर्मचारी पनि छन् । अरू ठाउँमा तालिम सञ्चालन गर्दा प्रशिक्षक र सहयोगी कर्मचारीको खानपान, आवास, आते-जाते आदिले खर्च बढाउँछ ।

एड्भान्स्ड तालिमका लागि काठमाडौंबाट प्रशिक्षक बोलाउँदा खर्च बढी हुन्छ । सहभागी पनि तालिम हुने ठाउँभन्दा बाहिरका भएमा त यस्तो खर्च झन् बढी हुन्छ । तसर्थ प्रशिक्षार्थीकै शुल्कले यस्ता एड्भान्स्ड तालिम चलाउन सकिँदैन ।

---

१ एनपीआईका तालिम संयोजक सोमनाथ लामिछानेसँग २०६६ भदौ ९ मा गरिएको कुराकानी ।

२ क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगरका संयोजक वीरेन्द्र शर्मासँग २०६६ असोज २१ मा गरिएको कुराकानी ।

क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका प्रबन्ध समिति अध्यक्ष तथा पत्रकार हर्ष सुब्बाका अनुसार आधारभूत तालिमका लागि आर्थिक स्रोत समस्या होइन । एक महिने सशुल्क तालिम गर्दा पैसासमेत बचत भएको उनको भनाइ छ ।[३] तर, एड्भान्स्ड तालिम गर्न भने आर्थिक स्रोत र प्रशिक्षक दुवैको अभाव भएको सुब्बा बताउँछन् । उदाहरणका लागि डेस्कटप पब्लिसिङसम्बन्धी तालिमको अत्यधिक माग भए पनि विराटनगरस्थित स्रोत केन्द्रमा डेस्कटप पब्लिसिङ अफिसर नभएकाले तालिम हुन सकेको छैन । नेपालगञ्जमा भने डेस्कटप पब्लिसिङ अफिसर भएकाले यस्तो तालिम बेलाबेलामा हुने गरेको छ ।

मिडिया प्वाइन्टले नियमित सञ्चालन गर्ने आधारभूत तालिम प्रशिक्षार्थीको शुल्कमा पूरै निर्भर छ । यसले पछिल्लो समयमा तालिम अवधिलाई १० महिनेबाट चार महिने बनाएको छ । यसले चार महिनाको प्रति प्रशिक्षार्थी छ हजार रुपियाँ लिने गरेको छ । मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतका अनुसार प्रशिक्षार्थीबाट उठाइएको शुल्कले खर्च धान्नसम्म पुगेको छ । यसमध्ये आधा रकम घरभाडामै खर्च हुन्छ । त्यसपछि कर्मचारी एवं प्रशिक्षकको पारिश्रमिकमा खर्च हुन्छ । प्रति कक्षाबापत एकजना प्रशिक्षकलाई सालाखाला पाँच सय रुपियाँ दिने गरिएको बस्नेत बताउँछन् ।[४]

यी उदाहरणबाट के देखिन्छ भने मिडियामा प्रवेश गर्नका लागि आधारभूत तालिम आवश्यक छ । आधारभूत तालिमका लागि प्रशिक्षार्थीहरू पनि शुल्क तिर्न सजिलै तयार हुन्छन् । एफएम रेडियोले त केही वर्षयता तालिमलाई पैसा कमाउने माध्यमसमेत बनाएका छन् । ‘उत्कृष्टलाई रोजगारी’ भन्ने नारासहित सुरु गरिने यस्ता तालिममा चर्को शुल्क उठाई धेरै सहभागी जुटाएर तालिम दिइन्छ । यही शुल्कबाट केही महिना स्टेसन चलाउन मिल्ने गरी नै रकमको जोहो हुन्छ । तालिम दिने निजी स्तरका संस्थाले पनि महँगो शुल्क लिई तालिम दिएका छन् । विराटनगरमा त तालिम दिने भन्दै प्रति व्यक्ति दस हजार रुपियाँ उठाएर संस्थाका सञ्चालक नै फरार भएका थिए (कलेज टाइम्स २०६६) ।

## दाताको सहयोगमा निर्भर

नेपालमा नियमित पत्रकारिता तालिमको सुरुआत गर्ने एनपीआई नै हो । यद्यपि २०२४ सालदेखि नै युनेस्कोको सहयोगमा नेपालमा सञ्चारसम्बन्धी गोष्ठी तथा

---

[३] सुब्बासँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

[४] बस्नेतसँग २०६६ असोज २६ मा गरिएको कुराकानी ।

प्रशिक्षण कार्यक्रमहरू हुन थालेका हुन् । यसअनुसार युनेस्कोको सहयोगमा सार्वजनिक सञ्चारसम्बन्धी गोष्ठी तथा प्रशिक्षण कार्यक्रम २०२४ मङ्सिर १५ देखि पुस १५ सम्म भएको थियो । गोष्ठीमा १९ जना पत्रकार तथा सूचना अधिकृतहरूले भाग लिएका थिए । यस्ता गोष्ठीको आयोजना सूचना विभाग तथा सञ्चार मन्त्रालयले गर्दथ्यो (खत्री २०३२ : ७९) । पी खरेलका अनुसार २०३०/३१ सालतिर युनेस्को, युनिसेफजस्ता युएन एजेन्सीले ५-६ दिनका मिडियासम्बन्धी त्यस्ता कार्यशाला गोष्ठीहरू बेलाबेलामा आयोजना गर्थे । "एक हिसाबले तालिम नै भन्न मिल्ने थिए ती गोष्ठीहरू" पी खरेल भन्छन्, "मैले पनि भर्खर भर्खर पत्रकारिता सुरु गर्दाको अवस्थामा २०३० सालमा युनेस्कोले दिएको एक हप्ते कार्यशाला गोष्ठीमा भाग लिएको थिएँ ।"[५]

नेपालमा टेलिभिजन स्थापना हुनुअघि २०४१ जेठमा १६ जनालाई रेडियो नेदरल्याण्ड ट्रेनिङ सेन्टरमा तालिम लिने व्यवस्था मिलाइएको थियो । ती १६ जना रेडियो नेपाल, शाही नेपाल चलचित्र संस्थान, रत्न रेकर्डिङ संस्थान, सञ्चार मन्त्रालय, सूचना विभाग र वर्ल्ड भ्यू इन्टरनेसनलसँग आबद्ध थिए । नेदरल्याण्डबाट सहभागीहरू फर्केपछि पनि उनीहरूले सिकेको कुरा नबिर्सून् भनेर हरेक हप्ता दुई दिनका दरले तीन महिनासम्म नेपालमा वर्ल्ड भ्यू इन्टरनेसनलले पुनर्ताजगी तालिम प्रदान गरेको थियो (बेल्बासे सन् १९८५, पराजुली २०६५) ।

एनपीआईलाई सन् १९९५ देखि २००५ सम्म डानिडाले तालिम सञ्चालन गर्न आर्थिक सहयोग गरेको थियो । यसै क्रममा विराटनगर, बुटवल र नेपालगञ्जमा एनपीआईले क्षेत्रीय सञ्चार स्रोत केन्द्र स्थापना गऱ्यो । विराटनगर र नेपालगञ्जमा त यसको आफ्नै भवन पनि छ । डानिडाको सहयोग भइञ्जेल तीन महिनेबाहेकका सबै तालिम निःशुल्क थिए । अझ प्रशिक्षार्थीलाई भत्तासमेत दिने चलन थियो । डानिडाको सहयोग अवधि सकिएपछि एनपीआईको गतिविधि केही सुस्ताएको छ । यद्यपि यसले अन्य विभिन्न दाताको सहयोगमा केही तालिम सञ्चालन भने गरेको छ ।

एमएस नेपालले एनपीआई, रेडियो लुम्बिनी, रेडियो मदन पोखरा, भेरी एफएमलाई तालिमका लागि सहयोग गरेको छ । डानिडाले नै तालिमका लागि सञ्चारिका समूह, नेपाल पत्रकार महासङ्घ, जागरण मिडिया सेन्टर, सामुदायिक रेडियो सहयोग केन्द्र आदिलाई सहयोग गरेको थियो । सामुदायिक रेडियो सहयोग केन्द्रलाई फ्रि भ्वाइसले रेडियो तालिम सञ्चालनमा सघाउँदै आएको छ । वर्ल्ड भिजन बुटवलले

---

५ खरेलसँग २०६६ असोज २० मा गरिएको कुराकानी ।

इम्मोड नेपालद्वारा बुटवलमा सञ्चालित बालपत्रकारिता तालिम र भिजन नेपालको तराई-दलित केन्द्रित पत्रकारिता तालिमलाई सघाएको थियो ।

धेरैजसो गैरसरकारी संस्था (गैसस) ले गर्ने कार्यक्रम परियोजनाका रूपमा सञ्चालित हुन्छन् । यस्तो प्रकृतिको तालिम गर्ने भनेर दाताकहाँ प्रस्ताव राखिन्छ । त्यसमा दातालाई चित्त बुझेमा परियोजना सुरु हुन्छ । निश्चित अवधिपछि परियोजना सकिन्छ र दातालाई प्रतिवेदन बुझाइन्छ । इक्वेल एक्सेसका एफएम नेटवर्किङ तथा ट्रेनिङ म्यानेजमेन्ट अफिसर विनायक अर्याल भन्छन्, "हाम्रा तालिम पूरै परियोजनामा आधारित हुन्छन् । हामी बिहेभियर चेन्ज कम्युनिकेसनमा काम गर्ने हुनाले कुनै कार्यक्रमका लागि दातालाई प्रस्ताव दिंदा सम्बन्धित विषयमा तालिमका लागि पनि बजेट राख्छौं र त्यसैअनुसार तालिम दिन्छौं ।"[६]

केही गैससहरू तालिममा नै लागिपरेका छन् र दाताबाट धेरथोर आर्थिक स्रोत पनि जुटाइरहेका छन् । केही गैसस भने दाताको सहयोगमा परियोजना हुँदा खर्चिलो तालिम गर्छन् । परियोजना सकिएपछि उनीहरूको सबै काम सकिन्छ; फलोअप पनि हुँदैन । फेरि अर्को परियोजना आए अर्को नयाँ तालिम हुन्छ, नत्र त्यो पनि हुँदैन । पत्रकार तथा रत्नराज्यलक्ष्मी क्याम्पसका प्राध्यापक पी खरेल भन्छन् :

> मिडिया तालिममा अहिले धेरै नै एनजीओकरण हुन थालेको छ । धेरै खर्च गरेर तालिम सञ्चालन गरिन्छ । कुनै कुनै एनजीओको एक वर्षको तालिमको बजेट नै रत्नराज्यलक्ष्मी क्याम्पसको पत्रकारिता विभागको २० वर्षको बजेट बराबर हुन्छ । पैसा खर्च गरेको तुलनामा सहभागीले केही न केही भने पनि सिके भन्न पाए त हुन्थ्यो, त्यो अवस्था पनि छैन ।[७]

लगानी र उपादेयताका आधारमा तालिमको मूल्याङ्कन गरिनुपर्छ । महँगा होटलमा खानपानसहित पनि तालिम गरिएको पाइन्छ । केही तालिम आवासीय नै हुन्छन् । केही तालिममा अनावश्यक खर्च गरिने गुनासो अन्य धेरै पत्रकारले गरेका थिए ।

प्रशिक्षकको अभाव भइरहेको अहिलेको सन्दर्भमा प्रशिक्षक प्रशिक्षण तालिम (टिओटी) महत्त्वपूर्ण छ । निकै लामा र खँदिला यस्ता तालिमका लागि स्थानीय स्रोत जुटाउन कठिनै हुन्छ । तसर्थ यस्तोमा बाह्य दाताको सहयोग आवश्यक

---

६ अर्यालसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

७ खरेलसँग २०६६ असोज २० मा गरिएको कुराकानी ।

छ । सन् २००३ मा डेनमार्कस्थित डेनिस स्कुल अफ जर्नालिज्म र एनपीआईले टिओटी सञ्चालन गरेका थिए । त्यसअन्तर्गत २४ जनालाई तालिम दिइएको थियो । यस्ता तालिम र सहकार्यको आवश्यकता अद्यापि छ ।

## स्थानीय सहयोग

तालिमका लागि आवश्यक न्यूनतम् आर्थिक स्रोत स्थानीय स्तरमा नै उपलब्ध हुन सक्ने तर्क नेपाल पत्रकार महासङ्घ सुनसरी शाखाका सभापति राजेश विद्रोहीको छ । स्थानीय स्रोत जुटाएर उक्त शाखाले तालिमका कार्यक्रम सञ्चालन पनि गर्छ । उनी भन्छन् :

> हामीले सबै तालिम निःशुल्क गरेका छौं र त्यसका लागि आवश्यक स्रोत स्थानीय तहमा नै जुटाएका छौं । गत वर्षका दुई तालिममध्ये जिविस सुनसरीले एक र धरान नगरपालिकाले एक तालिमलाई सघाएका थिए । यी दुई संस्थाले पत्रकार महासङ्घलाई आर्थिक रूपमा सघाइरहेका छन् । गत आर्थिक वर्ष (२०६५/६६) मा जिविसले २ लाख र धरान नगरपालिकाले १ लाख दिएका थिए भने यस वर्ष जिविसले २ लाख १० हजार र नगरपालिकाले १० लाख छुट्ट्याएका छन् । पत्रकारिता तालिम आयोजना गर्न यसले सघाउँछ । यद्यपि पत्रकार कल्याण कोष र लेखन फेलोसिप हाम्रो प्राथमिकतामा परेका छन् । आधारभूत तालिम धेरै भयोजस्तो लागिरहेको छ । नत्र आधारभूत तालिम दिनलाई आर्थिक समस्या खासै हुँदैन । यद्यपि प्रशिक्षकको भने अभाव नै हुन्छ ।[८]

यसरी स्थानीय स्तरमा आर्थिक सहयोग जुटाई तालिम चलाएर पैसा बचत गरेको उदाहरण पनि पाइन्छ । किराँत राई पत्रकार सङ्घ, सुनसरीले धरानमा २०६६ सालमा एउटा आधारभूत पत्रकारिता तालिम चलाएको थियो । यसमा सहभागी ७५ जनाबाट पाँच सयका दरले रकम उठाइएको थियो । धरान नगरपालिका र उद्योग वाणिज्य सङ्घ सुनसरीबाट केही आर्थिक सहयोग खोजियो । यसो गर्दा जम्मा ८५ हजार उठेको थियो । जम्मा ३० हजारमा तालिम सम्पन्न भयो । १० हजार संस्थाले अन्य काममा खर्च गऱ्यो । यस संस्थाले ४५ हजार बचत गरेको छ ।[९] यसप्रकार बाह्य दाताको विकल्पका रूपमा स्थानीय स्रोतको परिचालन पनि बलियो गरी देखा पर्दैछ । मोरङ जिल्ला विकास समितिले पनि

---

८ विद्रोहीसँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

९ किरात राई पत्रकार संघ सुनसरीका अध्यक्ष श्रीशीशा राईसँग २०६६ असोज २५ मा गरिएको कुराकानी ।

२०६६ सालमा दलित, जनजाति र महिलालाई आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्न सघाएको थियो । दलित र जनजातिलाई एनपीआईमार्फत तालिम दिइएको थियो भने महिलाको तालिम अन्तरपार्टी महिला सञ्जाल, मोरङ शाखाले गरेको थियो । शिक्षा पत्रकार समूह र अनिजले शिक्षा मन्त्रालयको आर्थिक सहयोगमा विभिन्न तालिम आयोजना गरेका छन् । यसरी स्थानीय सरकारी तथा अन्य निकायको आर्थिक सहयोगमा विभिन्न तालिमका गतिविधि भइरहेका छन् । समानता तथा सशक्तीकरण मञ्च नेपालगञ्जकी अध्यक्ष मुना श्रेष्ठ पत्रकारिता तालिमका लागि अचेल नगरपालिका तथा जिविसजस्ता स्थानीय सरकारी निकायले पनि सहयोग गर्न थालेको बताउँछिन् । श्रेष्ठको भनाइ छ, "पहिला महिलाका लागि सीप विकासको तालिम भन्नेबित्तिकै सिलाइबुनाइ, हस्तकला आदिसम्बन्धी तालिमलाई मात्र बुझ्ने स्थानीय सरकारी तथा गैससका पदाधिकारीहरूले पत्रकारिताको तालिम पनि उपयोगी हुने रहेछ भनेर बुझ्न थालेका छन् ।"[१०] मुना श्रेष्ठका अनुसार समानता तथा सशक्तीकरण मञ्च दलित, जनजाति तथा हिंसा पीडित महिलाको सशक्तीकरण तथा आत्मनिर्भरताका लागि काम गर्ने उद्देश्यले खुलेको संस्था हो । यसले सिलाइकटाइसम्बन्धी तालिम र नेतृत्व विकास तथा लैङ्गिक मुद्दाहरूबारे तालिम दिइरहेको छ भने पीडित महिलाहरूलाई निःशुल्क कानुनी परामर्श पनि दिने गर्छ । तर, स्थानीय गैसस तथा सरकारी निकायहरूसँग सहयोग जुटाएर ती समूहका महिलाहरूलाई पत्रकारिताको तालिम पनि दिलाउन पहल भइरहेको श्रेष्ठ बताउँछिन् ।

पत्रकारिता तालिमलाई आर्थिक सहयोग गर्न सक्ने अर्को स्रोत निजी क्षेत्र हो । भौतिक पूर्वाधार निर्माणका लागि यस्तो सहयोग महत्त्वपूर्ण रहेको पाइन्छ । उदाहरणका लागि, एनपीआईको नेपालगञ्जस्थित क्षेत्रीय सञ्चार स्रोत केन्द्रको भवन निर्माणका लागि एकजना उद्योगपति कृष्णगोपाल टण्डनले सहरी क्षेत्रको आफ्नो तीन कठ्ठा जग्गा दिएका हुन् ।[११] थोरै यस्ता उदाहरण देखिए पनि नेपालमा पत्रकारिता तालिममा निजी क्षेत्रको यो सम्भावनाको उपयोग हुन बाँकी नै छ ।

---

[१०] श्रेष्ठसँग २०६६ भदौ २६ मा गरिएको कुराकानी ।

[११] क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जका प्रबन्ध समिति अध्यक्ष पन्नालाल गुप्तासँग २०६६ भदौ २१ मा गरिएको कुराकानी ।

## मिश्रित मोडलको उपयोग

केही गैरसरकारी संस्था भने मिश्रित मोडलमा चलेका छन् । दातासँग पैसा खोजेर पनि तालिम चलाउने, नपाएमा सशुल्क तालिम गर्ने । नेपालगञ्जस्थित महिला सञ्चार समूहले यस्तै गर्छ । यसकी अध्यक्ष अछरी पोखरेल भन्छिन् :

> तालिमका लागि हाम्रो आर्थिक स्रोत चाहिं सहभागीबाट उठाइने शुल्क र विभिन्न संस्थामा प्रस्ताव पेस गरेका आधारमा पाइने सहयोग नै हो । जिविस, प्लान नेपाल, युएनडीपी, आरआरएन, महिला विकास आदि संस्थाले सहयोग गरेका छन् । दाताको सहयोगले पुगेसम्म सहभागीबाट शुल्क लिंदैनौं । नपुग भएमा वा सहयोग प्राप्त नभएमा सहभागीसँग पूरै शुल्क लिएर तालिम चलाउँछौं ।[१२]

नेपाल प्रेस युनियनले २०५४ सालदेखि २०६६ सालसम्म 'एक गाउँ एक पत्रकार' अभियान बनाई तालिम सञ्चालन गरेको थियो । माओवादी विद्रोहताका गाउँको सूचना प्रवाह हुन नसकेकाले हरेक गाउँमा पत्रकार तयार गर्ने उद्देश्यले यो अभियान थालिएको थियो । यसका लागि सूचना तथा सञ्चार मन्त्रालय, फ्रेडरिक इबर्ट स्टिफ्टुङ, डिएफआइडी आदिबाट आर्थिक सहयोग प्राप्त भएको थियो । हरेक प्रशिक्षार्थीबाट पनि पाँच सय रुपियाँ उठाइन्थ्यो ।[१३] एनपीआई पनि यही मोडलमा चलेको छ । यसले प्राय: आधारभूत पत्रकारिता तालिम प्रशिक्षार्थीसँग शुल्क लिएर चलाउँछ । एड्भान्स्ड तालिम भने दाताको सहयोगमा नै सञ्चालन गर्दछ । तालिममै लागिपरेका गैससले दाता हुँदा पनि र नहुँदा पनि तालिम चलाइरहेका हुन्छन् । तर दाताको अनुपस्थितिमा तिनको गतिविधि सुस्ताउने गरेको छ ।

क्रियाशील पत्रकारको आयको तुलनामा यस्तो एड्भान्स्ड तालिमको शुल्क महँगो हुन्छ । यस्तो एड्भान्स्ड तालिमको व्ययभार सबै पत्रकारले बेहोर्न सक्ने अवस्था छैन । पत्रकारले आफूले पैसा कत्ति पनि नतिर्ने हो भने पनि स्वामित्व भाव नहुने र तालिमलाई बेवास्ता गर्ने सम्भावना हुन्छ । सम्बन्धित सञ्चार गृहले पनि केही प्रतिशत खर्च बेहोरिदिने र बाँकी पत्रकारले नै बेहोर्ने अर्को एउटा सम्भावना छ । तर यसो गर्न तयार हुने सञ्चार गृह कमै छन् । काठमाडौंबाहिरको सन्दर्भलाई मूल्याङ्कन गर्दै *विजयपुर* साप्ताहिक (धरान) का प्रधान सम्पादक

---

[१२] पोखरेलसँग २०६६ भदौ २० मा गरिएको कुराकानी ।

[१३] नेपाल प्रेस युनियनका महासचिव विन्दुकान्त घिमिरेसँग २०६६ भदौमा गरिएको कुराकानी ।

भवानी बराल भन्छन्, "काठमाडौंबाहिर त सञ्चार गृह व्यावसायिक बनेकै छैनन् । साप्ताहिक पत्रिकाले त झन् आफ्नै लगानीमा तालिमका लागि कसैलाई कतै पठाउन सक्दै सक्दैन ।"[१४]

आर्थिक हिसाबले केही बलियो भएका सञ्चार गृहले पनि तालिममा लगानी गरेका छैनन् । भरपर्दो र विश्वासिलो तालिम दिने संस्था भएमा तालिमका लागि स्थानीय सञ्चार गृहले नै पैसा हाल्न सक्छन् भन्ने तर्क केही पोखरेली पत्रकारको छ ।[१५] मिडिया सञ्चालकलाई तालिम किन आवश्यक छ भनेर बुझाउन सके आर्थिक स्रोत जुट्छ भन्ने उनीहरूको तर्क हो । हुन पनि तालिमबाट संस्थालाई फाइदा हुने देखिएमा संस्थाले पैसा खर्च गर्न नसक्ने होइन । अर्का पोखरेली पत्रकार माधव शर्माको विचारमा राम्रो तालिममा सञ्चार गृहले नै पैसा हालेर पठाउन सक्छ तर त्यसपछि उक्त व्यक्ति निश्चित समय सोही पत्रिकामा नै बसिरहन्छ भन्ने ग्यारेन्टी चाहिन्छ ।[१६]

मिडिया हाउसमा राम्रो खालको इन हाउस तालिम खासै हुँदैन । लाखौंको लगानी गरेर रेडियो स्टेसन स्थापना गर्नेले जनशक्तिको सीप विकासमा कत्ति पनि लगानी गर्न खोज्दैनन् । 'पुँजी भनेको उपकरणहरू र नगद मात्रै हो, जनशक्ति चाहिं होइन' भन्ने धारणा मिडियाका सञ्चालकको छ । त्यसैले जनशक्तिमाथि सकेसम्म लगानी गर्न खोजिँदैन ।[१७] थोरै जनशक्तिमा सञ्चालित सञ्चार गृहले त तालिममा पठाउनसमेत धक मानेको पाइन्छ । किनभने तालिममा गएपछि उसले गर्ने काम कसले गरिदिने भन्ने समस्या हुन्छ । विराटनगरका प्रशिक्षक विजय मिश्रका अनुसार विराटनगरमा हुने एउटा दस दिनको तालिममा जनकपुरको रेडियोले सहभागी पठाउन मानेन ।[१८] यसरी दस दिनसम्म बाहिर हुँदा यहाँ स्टेसनको काम कसले गर्छ, भन्ने प्रश्नले गर्दा सहभागी नपठाइएको रहेछ । तालिमबाट सीप सिकेर फर्केपछि स्टेसनलाई फाइदा हुने तथ्यलाई स्विकार्दै बि एफएम विराटनगरका निर्देशक सन्देशदास श्रेष्ठ भन्छन्, "अचेल तालिममा सहभागी पठाउन पनि हिच्किचाउनुपर्ने अवस्था छ । तीतो अनुभव के छ भने तालिममा गएपछि दक्ष त हुन्छन् । तर, काठमाडौंको जमघटबाट 'ब्रेन वास' भएर

---

[१४] बरालसँग २०६६ असोज २५ मा गरिएको कुराकानी ।

[१५] पोखराका पत्रकार नारायण कार्की, दीपेन्द्र श्रेष्ठ, पुण्य पौडेल र बद्रिविनोद प्रतीकसँग क्रमशः २०६६ कात्तिक ४, ५, ६ र ६ मा गरिएको कुराकानी ।

[१६] शर्मासँग २०६६ कात्तिक ८ मा गरिएको कुराकानी ।

[१७] बिग एफएम पोखराका स्टेसन म्यानेजर अमित रिजालसँग २०६६ कात्तिक ५ मा गरिएको कुराकानी ।

[१८] मिश्रसँग २०६६ असोज ३० मा गरिएको कुराकानी ।

आउँछन् र फर्केपछि बार्गेनिङ गर्न थाल्छन् । धेरै पारिश्रमिक र सुविधा माग गर्न थाल्ने र पूरा नगरे अन्त जाने अवस्था छ । यसले संस्थालाई त घाटा भयो नि ।”[१९]

## भौतिक पूर्वाधारमा लगानी र अन्य खर्च

तालिममै लामो समयदेखि क्रियाशील भएकाले एनपीआई र यसका क्षेत्रीय सञ्चार स्रोत केन्द्रसँग तालिम सञ्चालनका लागि अन्यका तुलनामा केही बढी भौतिक पूर्वाधार छन् । स्रोत केन्द्रमा थोरै भए पनि अडियो भिजुअलसम्बन्धी उपकरणहरू (क्यामेरा, रेकर्डर, कम्प्युटर आदि), तालिम कक्ष, पुस्तकालयको सुविधा छ । नेपालगञ्जस्थित स्रोत केन्द्रको त आफ्नै रेडियो स्टेसन (भेरी एफएम) पनि छ । यहाँ दिउँसो प्रसारण बन्द भएको बेलामा प्रशिक्षार्थीलाई रेडियोको स्टुडियोमा अभ्यास गराइन्छ । रेडियो पत्रकारिता तथा कार्यक्रम उत्पादनसम्बन्धी तालिमका प्रशिक्षकले तयार पारेका रिपोर्ट तथा कार्यक्रमहरूको स्तर हेरेर प्रसारण पनि गरिन्छ ।[२०] यद्यपि भौतिक पूर्वाधार हुँदाहुँदै पनि प्रशिक्षार्थीका लागि त्यसको उपयोगिता बढाउने कुरा व्यवस्थापन र प्रशिक्षकहरूको जाँगरमा पनि भर पर्दछ । त्यहीं सञ्चालित तीन महिने तालिममा आफू प्रशिक्षकका रूपमा कक्षा लिंदा प्रशिक्षार्थीलाई आवश्यक पर्ने रेकर्डर नै उपलब्ध हुन नसकेको गुनासो प्रशिक्षक नेत्र केसीको छ ।[२१]

रेडियो र टेलिभिजनमा प्रविधिको उपयोग अत्यधिक गर्नुपर्छ । यी विधाका लागि दिइने तालिममा पनि प्रविधिको प्रयोग गर्न सिकाइन्छ र अभ्याससमेत गराइन्छ । तर, यस्ता तालिम दिने धेरै संस्थामा साधन र स्रोतको अभाव छ । त्यसैले यस्ता तालिम कम प्रभावकारी देखिएका छन् । तर, काठमाडौंमा एन्टेना फाउण्डेसनले आफूलाई रेडियो तालिम दिने संस्थाको रूपमा पनि विकास गर्ने लक्ष्य लिएको छ । २०६६ सालमा यसले २७ लाखको लागतमा सुविधा सम्पन्न तालिम केन्द्र स्थापना गरिसकेको छ ।[२२]

पूर्वाञ्चल क्षेत्रका धेरै तालिममा प्रशिक्षक भइसकेका विजय मिश्र तालिमका लागि उपलब्ध भौतिक साधनबारे भन्छन्, “तालिम दिने धेरै संस्थाहरूसँग न त

---

१९ श्रेष्ठसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

२० क्षेत्रीय सञ्चार स्रोत केन्द्र, नेपालगञ्जका डेस्कटप पब्लिसिङ अफिसर मोहम्मद आरिफ अन्सारी र संयोजक पीताम्बर कट्टेलसँग क्रमशः २०६६ भदौ १९ र २०६६ भदौ २६ मा गरिएको कुराकानी ।

२१ केसीसँग २०६६ भदौ २७ मा गरिएको कुराकानी ।

२२ एन्टेना फाउण्डेसनका निर्देशक मधु आचार्यसँग २०६६ असोज २८ मा गरिएको कुराकानी ।

तालिम दिने उपयुक्त कोठा छ, न त अन्य आवश्यक उपकरणको सुविधा। भौतिक सुविधाको अवस्था निकै दयनीय छ। ह्वाइटबोर्ड र मार्करकै भरमा तालिम दिने हो।"[२३] पूर्वमा जस्तै अवस्था पश्चिममा पनि छ। नेपालगञ्जमा तालिम दिन क्रियाशील महिला सञ्चार समूहकी अध्यक्ष अछरी पोखरेल भन्छिन् :

> तालिमका लागि कुनै किसिमको भौतिक पूर्वाधार हामीसँग छैन। प्रायः एनपीआईको हल प्रयोग गर्छौं। कहिलेकाहीं उद्योग वाणिज्य सङ्घको हलमा तालिम चलाउँछौं। कहिले होटेलमा चलाउँछौं। सहभागीहरूलाई चाहिने रेकर्डर, माइक्रोफोन, क्यामेरा आदि पनि हामीसँग छैन। तालिमकै लागि भनेर हामीले सामान जोड्न सकेका छैनौं। चाहिएका सामान (जस्तै, रेकर्डर, प्रोजेक्टर) भाडामा वा साथीभाइसँग केही दिनका लागि मागेर ल्याउँछौं।[२४]

अध्ययनका क्रममा केही तालिमको अवलोकन पनि गरिएको थियो।[२५] नेपालगञ्जमा भ्वाइस नेपाल र बागेश्वरी असल शासन क्लब (बास) को तालिममा भौतिक साधनको उपयोगको अवस्था दयनीय पाइयो। भ्वाइस नेपालले दिएको तालिममा भाडामा लिएको एउटा साँघुरो कोठा (लगभग १०X१५ फुट) मा १९ जना प्रशिक्षार्थी अटेसमटेस गरेर बसेका थिए (हेर्नुहोस् तस्बिर ६.१)। भित्तामा सानो आकारको ह्वाइट बोर्डबाहेक कोठामा प्रशिक्षणका लागि चाहिने अन्य कुनै साधन वा उपकरण थिएनन्। बागेश्वरी असल शासन क्लबले चलाएको तालिममा पनि सहभागीहरू हलभरि खचाखच थिए। त्यहाँ कार्यालय कक्षमै बीचको केही खाली भागमा सहभागीलाई चकटी बिछ्याएर राखिएको थियो। दराज, टेबुल आदिले कोठा भरिभराउ थियो। अन्य कुनै साधन त्यहाँ पनि थिएन।

---

[२३] मिश्रसँग २०६६ असोज ३० मा गरिएको कुराकानी।

[२४] पोखरेलसँग २०६६ भदौ २० मा गरिएको कुराकानी।

[२५] अध्ययनका क्रममा सामुदायिक रेडियो सहयोग केन्द्र नेफेजद्वारा आयोजित आधारभूत डिजिटल एडिटिङ तालिम २०६६ भदौ १२ मा, नेपालगञ्जस्थित भ्वाइस नेपालद्वारा आयोजित रेडियो तथा स्टेज उद्घोषण तालिम २०६६ भदौ २४ मा, नेपालगञ्जमा बागेश्वरी असल शासन क्लबले आयोजना गरेको रेडियो तथा स्टेज उद्घोषण तालिम २०६६ भदौ २५ मा र नेपालगञ्जस्थित एनपीआईको क्षेत्रीय सञ्चार स्रोत केन्द्रले आयोजना गरेको आधारभूत रेडियो पत्रकारिता तालिम २०६६ असोज ५ मा अवलोकन गरिएको थियो।



तस्बिर ६.१ : भ्वाइस नेपालले नेपालगञ्जमा सञ्चालन गरेको उद्घोषणसम्बन्धी तालिमको एक दृश्य (देवराज हुमागाईं) ।

उल्लिखित दुईओटा तालिममा भन्दा तुलनात्मक रूपमा एनपीआईको नेपालगञ्जस्थित क्षेत्रीय सञ्चार स्रोत केन्द्रले दिएको आधारभूत रेडियो पत्रकारिताबारेको तालिममा भौतिक सुविधा केही बढी थियो । तालिम हलमा साउण्ड सिस्टमदेखि, ह्वाइटबोर्ड, चार्ट पेपर, सहभागीका लागि खानेपानी, चिया र नास्तासम्मको पनि व्यवस्था थियो । स्रोत केन्द्रकै स्वामित्वमा रहेको भेरी एफएमको स्टुडियो प्रशिक्षार्थीहरूलाई अभ्यास गराउन पनि प्रयोग गर्न मिल्ने बनाइएको थियो । यद्यपि यो तालिम छोटो समयको थियो र प्रशिक्षार्थीलाई समाचार वा कार्यक्रम तयारीका लागि फिल्डमा पठाउने, समाचार वा कार्यक्रम तयार पार्न लगाउने र स्टुडियोमा अभ्यास गराउने काम भएन । अन्य उपकरणहरूको उपयोग त कमै थियो तर ठूलो कोठामा राउण्ड टेबलमा प्रशिक्षार्थीलाई बस्ने व्यवस्था मिलाइएको थियो (हेर्नुहोस् तस्बिर ६.२) ।

सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा आयोजित तालिम अवलोकनका क्रममा सुविधा सम्पन्न तालिम कक्षमा १० जना प्रशिक्षार्थीले आधारभूत डिजिटल एडिटिङ तालिम लिएको देखियो । त्यहाँ तालिमका लागि आवश्यक पर्ने साउण्ड सिस्टम, प्रशिक्षकले प्रयोग गर्दै देखाउनका लागि भित्तामा ठूलो मनिटर, व्यक्तिपिच्छे कम्प्युटर तालिम कक्षमै उपलब्ध थिए (हेर्नुहोस तस्बिर ६.३) । साथै, प्रशिक्षार्थीहरूलाई नजिकबाट अवलोकन गराउनका लागि रेडियो सगरमाथाको स्टुडियोसम्म लैजाने गरिन्थ्यो ।



तस्बिर ६.२ : एनपीआई क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जले सञ्चालन गरेको रेडियो पत्रकारिता तालिमको एक झलक (देवराज हुमागाईं)।




तस्बिर ६.३ : एन्टेना फाउण्डेसनको तालिम कक्षमा सामुदायिक रेडियो सहयोग केन्द्रद्वारा सञ्चालित तालिम लिंदै सहभागीहरू (देवराज हुमागाईं)।

हुन त भौतिक सुविधा संस्थाको आर्थिक स्रोतको अवस्था वा सहभागीले तिर्ने शुल्कमा नै भर पर्ने कुरा हो। बास वा भ्वाइस नेपालले एक हप्ताको तालिमका

लागि (दैनिक २ घण्टा) प्रतिसहभागी उठाउने शुल्क भनेको तीन सयदेखि पाँच सय रुपियाँसम्म हो । यसकै मात्र भरमा हुने तालिममा उपलब्ध हुने भौतिक सुविधा राम्रो हुने कुरा पनि भएन । तैपनि प्रशिक्षार्थीले तालिमपछि केही सीप हासिल गरून् भन्ने हो भने न्यूनतम् पूर्वाधार त जुटाउनै पर्छ । त्यसका लागि कि प्रशिक्षार्थीलाई विश्वासमा लिएर उनीहरूबाट शुल्क बढी उठाउनुपर्‍यो कि अन्य स्रोतमार्फत आवश्यक खर्च जुटाउनुपर्‍यो । अन्यथा तालिम नाम मात्रको तालिम हुन जान्छ ।

भौतिक पूर्वाधारका साथै प्रशिक्षकको पारिश्रमिक, यातायात र हल भाडा आदिजस्ता खर्चले पनि तालिममा ठूलो व्ययभार पर्न जान्छ । तालिममा कस्ता प्रशिक्षक बोलाउने र कुन स्थानमा तालिम दिने भन्ने कुरा तालिमको बजेटमा नै भर पर्छ । थोरै आर्थिक स्रोत भएको अवस्थामा उही संस्थाले सस्तो पारिश्रमिकमा पनि काम गर्न मान्ने प्रशिक्षकलाई बोलाएका हुन्छन् । बाहिरबाट बोलाउँदा आतेजाते खर्च तथा बसोबासको पनि व्यवस्था गर्नुपर्ने हुँदा स्थानीय प्रशिक्षकलाई बोलाइन्छ । विदेशी परियोजनामा गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित तालिममा गरिने खर्च बढी हुन्छ भने स्थानीय स्रोतमा गरिने तालिममा त्यही अनुसारले किफायती तरिका अपनाइन्छ । बागेश्वरी असल शासन क्लब बाँकेले दुई घण्टाको एउटा तालिमका लागि स्थानीय प्रशिक्षकलाई दुई सयदेखि पाँच सय रुपियाँसम्म दिने गर्छ । प्रशिक्षक काठमाडौंबाट आएको अवस्थामा दिनभरको तालिम कार्यक्रम बनाइन्छ र उनीहरूलाई प्रशिक्षणबापत प्रतिदिन चार हजार रुपियाँसम्म पारिश्रमिक दिइन्छ ।[२६] नेपालगञ्जका प्रशिक्षक हेमन्त कर्माचार्यको अनुभव पनि शाहसँग मिल्दोजुल्दो छ । कर्माचार्यका अनुसार स्थानीय स्तरमा हुने तालिममा प्रशिक्षकलाई ३ देखि ४ घण्टाको प्रशिक्षणबापत एक हजार पारिश्रमिक दिइन्छ । काठमाडौंबाट आएका प्रशिक्षकलाई भने दैनिक तीन हजार रुपियाँदेखि ३५ सय रुपियाँसम्म त पारिश्रमिक नै दिइन्छ ।[२७] होटलमा खाने बस्ने तथा आतेजाते यातायात खर्च त छँदै छ ।

---

[२६] बागेश्वरी असल शासन क्लब, बाँकेका निर्देशक नमस्कार शाहसँग २०६६ भदौ २५ मा गरिएको कुराकानी ।

[२७] कर्माचार्यसँग २०६६ भदौ २१ मा गरिएको कुराकानी ।

## निष्कर्ष

तालिम सञ्चालनको आर्थिक स्रोत परिचालनमा तीनथरी अभ्यास देखिन्छ : प्रशिक्षार्थीको शुल्क, दाताको सहयोग र यी दुईको मिश्रण । यीमध्ये प्रशिक्षार्थीसँग शुल्क उठाएर दिइने तालिम नै दिगो देखिएका छन् । दाताको सहयोग सधैं हुन्छ भन्ने छैन । दाताको सहयोगमा सञ्चालित तालिम अरूबाट सहयोग नआएको बेलामा बन्द हुन्छन् । एड्भान्स्ड तालिम तुलनात्मक रूपमा महँगो पनि हुने हुनाले यसका लागि दाताको सहयोग वा मिश्रित मोडलको खोजी गर्नु ठीकै हो । तर, आधारभूत तालिमका लागि प्रशिक्षार्थीकै शुल्क दिगो र प्रभावकारी स्रोत हो । प्रशिक्षार्थीको आफ्नो लगानीले गर्दा स्वामित्व भाव पनि हुन्छ र यसले अन्ततः फाइदा नै गर्छ ।

तालिमको गुणस्तरमा ध्यान नदिई आर्थिक उपार्जनको मात्रै उद्देश्यले तालिम सञ्चालन गर्ने प्रवृत्ति अचेल मौलाउँदै गएको छ । मिडियाको ग्ल्यामर देखेर उत्साही बनेका युवालाई यस्ता संस्थाले आफ्नो जालमा पारेका छन् । तिनको काम नजिकबाट हेर्ने निकाय देखिंदैन । कहीं कतै संस्था दर्तासमेत नगरी तालिम चलाएका यस्ता संस्थाले खराब काम गरी भागेमा समात्न सक्ने आधार पनि छैन । यस्ता घटना विगतमा भइसकेका पनि छन् । तसर्थ तिनलाई कानुनको दायरामा ल्याउने काम गरिहाल्नुपर्छ ।

तालिममा प्रयोगात्मक कक्षाको महत्त्व अत्यधिक हुन्छ । तर, तालिम दिने धेरैजसो संस्थाले आर्थिक अभावका कारण भौतिक साधन जोड्न सकेका छैनन् । प्रशिक्षार्थी पनि सैद्धान्तिक प्रवचनमै भर पर्नुपर्ने अवस्था अद्यापि छ । स-साना कोठामा प्रशिक्षार्थी धेरै राखेर दिइएको तालिम पनि प्रभावकारी हुन सक्दैन । तसर्थ तालिमका लागि आवश्यक भौतिक पूर्वाधारमा ध्यान दिनु यस्ता संस्थाका लागि मुख्य चुनौती हो ।